आज मिति २०८०।१०।०३ गते बुधबार दिनको २:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्रबहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद बहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कोसिला |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री संजिब प्रसाद घिमिरे | सहायक कम्प्यूटर अपरेटर | |
| २४ | श्री कृष्ण कुमार महतो | कार्यालय सहयोगी | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८०।१०।०३

बैठकका प्रस्तावहरु:

१. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८० को मस्यौदा सम्बन्धमा।

२. श्री बेंगाडावर युवा क्लवले खेलकुद संचालन गर्नका लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

३. मिथिला नगरपालिका क्षेत्रभित्र पर्ने नदि/खोलाहरुबाट उत्खन्न गरी निजी, सरकारी, सार्वजानिक, प्रर्ति ऐलानी जग्गामा राखिएको वालुवा, गिट्टी, ढुंगा, ग्राभेल र माटो लगायतको यस कार्यालयको प्राविधिकले पेश गरेको प्रतिवेदन अनुसारको **Stock** (घाट गदी) प्रमाणित गरी त्यस उपरको शुल्क, राजस्व, दस्तुर तथा जरिवाना/जफत गर्ने सम्बन्धमा ।

४. यस नगरपालिका आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा स्वीकृत तथा अनुमोदन सम्वन्धमा ।

५. मिथिला नगरपालिकाको राजस्व सुधार कार्य योजना निर्माण गर्ने सम्बन्धमा ।

६. मिथिला नगरपालिकाको नगर सभाको हिउँदे अधिवेशन आयोजना गर्ने सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८० को मस्यौदालाई अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा श्री वेंगाडावर युवा क्लवले खेलकुद संचालन गर्नका लागि आर्थिक सहयोग माग भएकोमा श्री वेंगाडावर युवा क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु. ३,००,०००/००(अक्षेरुपी तिन लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मिथिला नगरपालिका क्षेत्रभित्र पर्ने नदि/खोलाहरुबाट उत्खन्न गरी निजी, सरकारी, सार्वजनिक, प्रर्ति ऐलानी जग्गामा राखिएको वालुवा, गिट्टी, ढुंगा, ग्राभेल र माटो लगायतको नदिजन्य पदार्थ यस कार्यालयको प्राविधिकले पेश गरेको प्रतिवेदन अनुसारको **Stock** (घाट गदी) प्रमाणित गरी त्यस उपरको शुल्क, राजस्व, दस्तुर तथा जरिवाना संकलन गर्ने सम्बन्धमा यस नगरपालिकाको आर्थिक ऐन, २०८० र अन्य प्रचलित कानुनमा व्यवस्था भए वमोजिम तपसिल अनुसारको फर्म, व्यक्ति तथा कम्पनीहरुसंग शुल्क, राजस्व, दस्तुर तथा जरिवाना/जफत असुल उपर गर्ने निर्णय पारित गरियो ।साथै यस नगरपालिका भित्र अन्य स्थानमा रहेका माथि उल्लेखित नदिजन्य पदार्थहरुको अनुगमन तथा चेक जाँच गर्नका लागि यथाशिघ्र प्राविधिकसहितको टोली खटाउने निर्णय पारित गरियो ।

तपसिल

| सि.नं. | फर्म/व्यक्ति/कम्पनी | ठेगाना | नदिजन्य पदार्थको परिमाणको आवेदकको माग (धन मिटर) | नगरपालिकाको प्रतिवेदन अनुसारको नदिजन्य पदार्थको परिमाण (धन मिटर) | कैफियत |
|---|---|---|---|---|---|
| १. | जय शिव भोले वालुवा गीट्टी वासिङ्ग उद्योग | मिथिला नगरपालिका वडा नं. ३ | ५९१६ | १२६४७.२४ | |
| २. | औरही वावा वालुवा प्रशोधन उद्योग | मिथिला नगरपालिका वडा नं. ३ | ३९२४ | ८२३५.१२ | |
| ३. | वनदेवी औरही वावा वालुवा प्रशोधन उद्योग | मिथिला नगरपालिका वडा नं. ३ | ३६० | २४९२.७५ | |

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ मा भएको स्वमूल्याङ्कन प्रकृया तथा अंकभारको व्यवस्था अनुसार यस नगरपालिका भित्र रहेका शाखा/उप-शाखाहरुले पेश गरेको आपनो विषयसंग सम्बन्धित सूचकहरुको प्रमाणीकरणका आधारको कागजातहरु जिल्ला समन्वय समितिको कार्यालय, धनुषाबाट पृष्टपोषण भई एकीकृत रुपमा तयार भएको प्रारम्भिक नतिजा सूचकगत रुपमा छलफल र विश्लेषण गर्दा यस संस्थाको आ.व. २०७९/०८० को यथार्थ अंकभार ५९% रहेको निर्णय पारित गरियो ।यसमा आगामी दिनमा अंकभारमा सुधार गर्दै जाने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं. ५ मा छलफल गर्दा मिथिला नगरपालिकाको राजस्व सुधार कार्य योजना निर्माण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मिथिला नगरपालिकाको नगर सभाको हिउँदे अधिवेशन आयोजना गर्ने सम्बन्धमा आगामी बैठकबाट मिति, स्थान तथा प्रकृया तय गर्ने निर्णय पारित गरियो ।